# बुढीगंगा राजपत्र


## बुढीगंगा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ८ मिति २०८२ पुस २५ गते**


## भाग १

## बुढीगंगा नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं ८

## <u>तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२</u>

**<u>प्रस्तावना</u>:** बुढीगंगा नगरपालिकाको समन्यायिक विकास र सम्बृद्धिका लागि आवश्यक नीति तथा योजना निर्माणलाई तथ्यसंगत बनाउन गुणस्तरीय तथ्यांकको व्यवस्थापनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ वमोजिम नगरसभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम **"तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०८२"** रहकोछ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

(३) यो ऐन बुढीगंगा नगरपालिका भित्र मात्र लागु हुनेछ।

२. <u>**परिभाषाः**</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(ख) "तोकिए र तोकिएबमोजिम" भन्नाले यस ऐन बनेको नियमावली र कार्यबिधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले बुढीगंगा नगरपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख

प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

३. **<u>सूचना तथा तथ्याङ्क संकलन गर्न सक्नेः</u>** (१) नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रको आवश्यकता अनुसार सूचना तथा तथ्याङ्क संकलन गर्न सक्नेछ।

(२) नगरपालिकाले सूचना तथा तथ्याङ्क संकलन गर्नु अघि संकलन गर्नुको औचित्य र यसको प्रयोगको सम्बन्धमा सरोकारवालालाई आवश्यक परेमा प्रष्ट पार्नु पर्दछ।

४. **<u>सूचना उपलब्ध गराउनु पर्नेः</u>** नगरपालिकाले दफा ३ को उपदफा (२) बमोजिम औचित्य प्रष्ट पारी जुनसुकै व्यक्ति, फर्म, संस्था वा निकायमा सूचना तथा तथ्याङ्क माग गरेमा सम्बन्धित व्यक्ति, फर्म, संस्था वा निकायले उपलब्ध गराउनु पर्नेछ।

५. **<u>सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेः</u>** प्रचलित संघीय कानुन अनुसार गोप्य राख्नु पर्ने भनिएका सूचना तथा तथ्याङ्क गोप्य राख्नु पर्नेछ।

६. **<u>पार्श्वचित्र र श्रोत नक्शा निर्माण गर्नेः</u>** (१) नगरपालिकाको समग्र अवस्था झल्कने गरी नगरपालिका पार्श्वचित्र तथा श्रोत नक्शाको निर्माण गरिनेछ।

(२) पार्श्वचित्र र श्रोत नक्शालाई आवश्यकता अनुसार नियमित अद्यावधिक गरिनेछ।

(३) नगरको हरेक योजना निर्माण गर्दा नगर पार्श्वचित्र र श्रोत नक्शालाई आधार बनाइनेछ।

७. **सूचना तथा तथ्याङ्क प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गर्नुपर्नेः** (१) नगरपालिकाले संकलन गरेको प्राथमिक (आधारभूत घरधुरी सर्वेक्षणबाट प्राप्त) तथ्याङ्कहरु प्रयोग वा प्रकाशित गर्नु अघि कार्यपालिकाको बैठकबाट प्रमाणीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण नभई तथ्याङ्कहरु प्रयोगमा ल्याउनु हुदैन।

(३) द्वितियक (Secondary) माध्यमबाट संकलित सूचना तथा तथ्याङ्कहरुको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट गराउनु पर्नेछ।

(४) नगरपालिकाबाट प्रमाणित भएका वा प्रकाशित भएका सूचना तथा तथ्याङ्कहरु मात्र आधिकारिक हुनेछन्।

८. **स्रोत उल्लेख गर्नुपर्नेः** नगरपालिकाबाट प्राप्त सूचना, तथ्याङ्क तथा अभिलेख कुनै व्यक्ति, संघ-संस्था वा निकायले प्रयोग गर्दा स्रोत उल्लेख गर्नुपर्नेछ।

९. **<u>अनुमति लिनु पर्नेः</u>** (१) नगर क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले कुनै प्रकारका सूचना तथ्याङ्क संकलन गर्न सर्वेक्षण गर्नु परेमा सर्वेक्षण गर्नुपूर्व नगरपालिकाबाट अनिवार्य रुपमा अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन गर्नको निमित्त स्वीकृति प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले सम्बन्धित तथ्याङ्क संकलन गर्नको कारण, सो संकलन गरिने क्षेत्र, संकलन गर्दा अपनाइने प्रणाली वा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ।

(३) नगरपालिकाले औचित्यताको आधारमा सर्वेक्षणको अनुमति दिन सक्नेछ। अनुमति प्राप्त सर्वेक्षणको नगरपालिकाले अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति लिईसके पछि संकलित सर्वेक्षणको नतिजाको एक प्रति नगरपालिकामा पेश गर्नुपर्नेछ।

(५) नगरपालिकाको स्वीकृत लिई संकलन गरेको सूचना तथा तथ्याङ्कको आधिकारिता प्रमाणित नगरपालिकाले गर्न सक्नेछ।

१०. **<u>शुल्क तोक्न सक्नेः</u>** नगरपालिकाले संकलन तथा प्रकाशन गरेको सूचना, तथ्याङ्क एवं अभिलेखको शुल्क निर्धारण गर्न सक्नेछ।

११. **परामर्श सेवा लिन सक्ने**: सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग लिनु परेमा केन्द्रीय तथ्याङ्क विभाग वा विज्ञहरुबाट परामर्श सेवा लिन सक्नेछ।

१२. **तोकिएबमोजिम हुनेः** सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१३. **नियम बनाउन सक्नेः** कार्यपालिकाले आवश्यकता अनुसार यस ऐनलाई कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

१४. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सो अधिकार सूचना, तथ्याङ्क तथा अभिलेख व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकालाई हुनेछ।

१५. **संशोधनः** यस ऐनमा संशोधन गर्नुपर्ने भएमा नगर सभाले आवश्यक संशोधन गर्न सक्नेछ।

१६. **बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले**

अम्मर राज जोशी

प्रमुख प्रशासकीय अधिकृत